सरावल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
प्रदेश नं. ५ , नेपाल

च.नं.

पत्र संख्या : ०७७/०७८

मिति :२०७७/०४/३०

## कोरोना भाईरस रोकथाम नियन्त्रणको लागी सरावल गाउपालिकावाट जारी अत्यन्त जरुरी सुचना !!!

विश्वभर महामारीको रुपमा फैलिईरहेको कोरोना भाईरस(कोभिड-१९) को संक्रमण नेपालमा पनि तिव्र रुपमा फैलिईरहेको साथै छिमेकी पालिकाहरुमा समेत यसको संक्रमण देखापरेको व्यहोरा सम्पुर्ण सरावलवासीहरुलाई विदितै छ । कोरोना भाईरस रोकथाम, तथा नियन्त्रणका लागी यस सरावल गाउपालिकाको समुदायस्तरमा PCR परिक्षणको लागी नमुना पठाउने कार्य निरन्तर चलिरहेको र हालसम्म प्राप्त सवै नमुनाहरुको नतिजा Negative आएको व्यहोरा जानकारीको लागी अनुरोध छ। यसै सन्दर्भमा जिल्ला विपद व्यवस्थापन समितिको मिति २०७७/०४/३० को निर्णय तथा सोही मितिको यस कार्यालयको निर्णयवमोजिम **मिति २०७७/०४/३१ गते राती १२ वजेदेखी मिति २०७७/०५/०६ गते राती १२** वजेसम्म यस गाउकार्यपालिका कार्यालय, मातहतका सम्पुर्ण वडा कार्यालयवाट सम्पादन हुने अत्यावश्यक वाहेकका सम्पुर्ण सेवाहरु वन्द गरिएको व्यहोरा जानकारीको लागी अनुरोध छ । साथै यस गाउपालिका क्षेत्रभित्रका अत्यावश्यक सेवावाहेकका सम्पुर्ण पसल व्यवसाय, सवारी साधन सञ्चालन एवं अनावश्यक हिडडुल गर्ने तथा मानिसहरु भिडभाड हुने कुनै पनी किसिमको सभा, सम्मेलन, मेला, जात्रा गर्न पुर्ण रुपमा वन्देज गरिएको व्यहोरा जानकारीको लागी अनुरोध छ । कोरोना भाईरस रोकथाम नियन्त्रणको लागी सरावल गाउँवासी सवैले आ-आफ्नो घरमा रही सुरक्षाका उपायहरु अवलम्वन गर्नु गराउनुहुन सरावल गाउकार्यपालिकाको कार्यालय हार्दिक अनुरोध गर्दछ ।

2077/04/30

...................

राधेश्याम चौधरी
अध्यक्ष

राधेश्याम चौधरी
अध्यक्ष

"सक्षम निजामती प्रशासन;विकास समृध्दि र सुशासन "

इमेल info@sarawalmun.gov.np
वेबसाईट www.sarawalmun.gov.np